स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा निर्देशक रेसा थापा पछिल्लो समय नयाँ चलचित्र "३६ को आँकडा"का कारण चर्चामा छिन्। उनी यस चलचित्रमार्फत फरक भूमिकामा दर्शकमाझ आउने तयारीमा छिन्। रेसा फिल्मसको ब्यानरमा निर्माण गरेको चलचित्रमा रेसा प्रहरी अधिकृतको भूमिकामा देखिँदैछिन्। यो चलचित्र आगामी मंसिर १७ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ।

आजको विचार...



लैगिक...
(दुई पेजमा)

मनोज आचार्य

अभिनेत्री अञ्जना बराइली पछिल्लो समय नयाँ चलचित्रको प्रचारप्रसार र आगामी फिल्मका कारण चर्चामा छिन्। विजय बरालसँग गुरुत्व भूमिकामा देखिएकी उनी अभिनीत चलचित्र "सिन्दुरे जात्रा" आगामी मंसिर १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ। चलचित्रको प्रचारप्रसारका क्रममा अञ्जनाले "सिन्दुरे जात्रा" महिलाको कथामा आधारित रहेको बताइकी छन्।



❐ वर्ष ३१ ❐ अंक ११८ ❐ २०८३ मंसिर ९ गते बुधबार 25 November 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

बस र ट्रक ठोक्किँदा ११ को मृत्यु

एजेन्सी

दुबई, मंसिर ८/ संयुक्त अरब इमिरेट्स (यूएई) को रस अल खैमाहमा यात्रुवाहक बस र ट्रक आपसमा ठोक्किँदा ११ जनाको मृत्यु भएको छ ।यूएईको आन्तरिक मन्त्रालयका अनुसार मंगलबार अल वतन सडकमा दुर्घटना भएको हो ।

दुर्घटनापछि उद्धारका लागि एम्बुलेन्स तथा नागरिक सुरक्षा टोली परिचालन गरिएको थियो । उद्धारकर्मीले घटनास्थल सुरक्षित पार्दै सवारी आवागमनसमेत व्यवस्थापन गरेका थिए । मन्त्रालयले दुर्घटनामा ज्यान गुमाउनेहरूको पहिचान सार्वजनिक गरेको छैन । अन्य कोही घाइते भए वा नभएकोबारे पनि जानकारी दिएको छैन ।दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको र छानबिन पूरा भएपछि निष्कर्ष सार्वजनिक गरिने मन्त्रालयले जनाएको छ ।

सडक दुर्घटनामा चार जनाको मृत्यु, तीन घाइते

हाम्रा संवाददाता

पाल्पा, मंसिर ८/ देशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सडक दुर्घटनामा चार जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मंगलबार सिराहा, धादिङ, कास्की र पर्सामा भएका दुर्घटनामा दुई पैदलयात्री, एक मोटरसाइकल चालक र एक स्कुटरमा सवार वृद्धको ज्यान गएको हो ।

सिराहाको कर्जन्हा नगरपालिका-१ उत्रायणीस्थित कमला नदी किनारमा बसको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । ग.१ ख ९०१५ नम्बरको बसले ठक्कर दिँदा धनुषाको सहिदनगर नगरपालिका-३ निवासी ३३ वर्षीया प्रमेश्वरी देवी पासवानको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी पासवानको फूलकुमारी मेमोरियल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । सोही दुर्घटनामा घाइते भएकी अर्की एक पैदलयात्रीको कमलामाई मेडिकल बन्दीपुरमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।यस्तै, धादिङको गल्छी गाउँपालिका-७ गल्छी बजारमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । बा.४ ख ६०५९ नम्बरको टिपरले बा.९८ प ३१३६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा डडेल्धुराको अजयमेरु गाउँपालिका-४ निवासी २८ वर्षीय बरुणप्रसाद भट्टको मृत्यु भएको हो । गम्भीर घाइते भएका भट्टको बैरेनी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।कास्कीको पोखरा महानगरपालिका-३२ मजुवामा स्कुटर दुर्घटना हुँदा ६१ वर्षीय माधवप्रसाद शर्माको मृत्यु भएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका-११ निवासी शर्मा स्कुटरमा सवार थिए । मंगलबार बिहान भएको दुर्घटनामा गम्भीर घाइते भएका उनको पश्चिम क्षेत्रीय अस्पताल पोखरामा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएकी स्कुटर चालक महिलाको सोही अस्पतालमा उपचार भइरहेको छ।त्यसैगरी, पर्साको वीरगञ्ज महानगरपालिका-२५ मौजे सिर्सियामा मोटरसाइकलको ठक्करबाट पैदलयात्री ६५ वर्षीया राधिका देवीको मृत्यु भएको छ । नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएकी उनको नारायणी अस्पताल वीरगञ्जमा उपचारका क्रममा मृत्यु भएको हो । ठक्कर दिएर फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ । एकै दिन देशका चार जिल्लामा भएका यी दुर्घटनाले सडक सुरक्षामाथि पुनः प्रश्न उठाएको छ । तीव्र गति, लापरवाही र सडक प्रयोगकर्ताको असावधानीले निम्त्याउने दुर्घटनाले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था दोहोरिँदै गएको छ । घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।



पाल्पामा हत्या गरेको आरोपमा एक जना पक्राउ



पाल्पा, मंसिर ८/पाल्पामा ढुंगा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । यहाँको तिनाउ गाउँपालिका-६ सिसुवा खहरेमा हत्याको आरोपमा तिनाउ जन्तीलुङ्गका ३५ वर्षीय नारायण लम्तरी पक्राउ परेका हुन् ।

फ्रैफगडाका क्रममा ढुङ्गा प्रहार गरी गम्भीर घाइते बनाइएका सिसुवाका ४५ वर्षीय नन्दलाल बजगाईको मृत्यु भएपछि फरार रहेका लम्तरीलाई सोमबार साझा प्रहरीले पक्राउ गरेको हो । आइतबार साँझा बजगाईं र लम्तरीबीच झगडा हुँदा लम्तरीले बजगाईंको टाउको तथा शरीरका विभिन्न भागमा ढुङ्गा प्रहार गरी गम्भीर घाइते बनाएको र उपचारका लागि जिल्ला अस्पताल पाल्पा पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए । घटनामा संलग्न रहेको आरोपमा लम्तरीविरुद्ध पक्राउ पुर्जी जारी भएपछि प्रहरीले खोजी कार्य तीव्र बनाएको थियो । खोजतलासका क्रममा रैनादेवी छहरा गाउँपालिका-४, छहराबजारस्थित जलधारा होटलमा लुकिछिपी बसेको अवस्थामा उनलाई फेला पारी नियन्त्रणमा लिइएको प्रनाउ भट्टराईले बताए । पक्राउ परेका लम्तरीलाई जिल्ला प्रहरी कार्यालय पाल्पामा ल्याई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

दाइँमा आधुनिक थ्रेसरको प्रयोग बढ्दै

दाङ, मंसिर ८/ कामदारको अभाव र ज्याला बढ्दै गएपछि यहाँका किसान धान झार्न आधुनिक थ्रेसर मेसिनको प्रयोगतर्फ आकर्षित भएका छन् । जनशक्ति र समयको बचत हुने भएकाले थ्रेसर मेसिनको प्रयोगमा वृद्धि भएको स्थानीय किसानले बताएका छन् ।घोराही उपमहानगरपालिका-७ का किसान पवन ओलीले पछिल्लो समय स्थानीय युवा वैदेशिक रोजगारीमा जाने र गोरु पाल्न छाडेकाले थ्रेसर मेसिनको प्रयोगले निकै सहज भएको बताए ।

गाउँमा कामदार पाउन मुस्किल हुने र पाइए पनि कामदारको ज्याला महँगो पर्ने उनको भनाइ रहेको छ ।"थ्रेसर मेसिनबाट काम गर्दा छिटो हुने र खर्च कम लाग्छ । त्यसैले धान भित्र्याउन मेसिनकै भर पर्न थालेका छौं", उनले भने । सोही स्थानमा अर्का किसान सन्तोष चौधरीले पनि थ्रेसर मेसिनले खेतीपातीको काम सहज बनाएको बताए । गोरु र कृषि मजदुरको अभाव बढ्दै गएको अवस्थामा थ्रेसर मेसिन खेतसम्म लैजान र प्रयोग गर्न सजिलो भएको उनको भनाइ छ । थ्रेसर मेसिन सञ्चालक रणबहादुर चौधरी अनुसार मेसिनको प्रयोगले किसानको समय र श्रम बचत हुनुका साथै खर्च कम लाग्ने गरेको छ । उनले धान र पराल छुट्याएबापत प्रतिघण्टा रु दुई हजार ३०० बराबरको ज्याला लिने गरेको जानकारी दिए । जिल्लामा थ्रेसर मेसिनको माग बढ्दै गएको उनको भनाइ छ ।कृषि ज्ञान केन्द्र दाडका प्रमुख नवराज भण्डारीका अनुसार जिल्लामा ३४ हजार २३३ हेक्टरमा धानखेती हुँदै आएको छ । पछिल्लो समय जिल्लाका १० वटै स्थानीय तहका किसानले धान र पराल छुट्याउन थ्रेसर मेसिनको प्रयोग गर्दै आएको उनको भनाइ छ ।-*रासस*



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

दिवसमै सिमित नहोस् महिला हिंसाविरुद्धको प्रतिबद्धता

अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस आज विविध कार्यक्रम गरी नेपालमा पनि मनाइँदै छ । महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद र शोषण अन्त्य गर्दै समानता, सम्मान र सुरक्षित समाज निर्माण गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघको सन् १९९९ को महासभाले नोभेम्वर २५ लाई महिला हिंसा विरुद्धको दिवसका रुपमा मनाउने निर्णय गरे अनुरुप हरेक वर्ष आजकै दिन यो दिवस मनाउने गरिन्छ । नेपालमा हरेक वर्षको नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिलाहिंसा विरुद्ध १६ दिने अभियान सञ्चालन गर्न सरकारी निकाय, गैरसरकारी निकायका चरणवद्ध कार्यक्रम आयोजना हुँदै आएका छन् । तर दिवसका अवसरमा विभिन्न अभियान, छलफल र प्रतिबद्धता व्यक्त गरिए पनि महिलामाथि हुने हिंसाका घटना निरन्तर दोहोरिनु चिन्ताको विषय बनेको छ । यसले महिला हिंसा अन्त्यका लागि दिवस मनाउने औपचारिकताभन्दा व्यवहारमै परिवर्तन आवश्यक रहेको देखाउँछ । महिला हिंसा कुनै एक व्यक्ति, परिवार वा समुदायको मात्र समस्या होइन, यो समग्र समाजको गम्भीर सामाजिक विकृति र मानवअधिकारमाथिको चुनौती हो ।

घरभित्र हुने घरेलु हिंसादेखि सार्वजनिक स्थलमा हुने दुर्व्यवहार, यौन हिंसा, बलात्कार, दाइजोका नाममा हुने यातना, बालविवाह, मानव बेचबिखन, कार्यस्थलमा हुने शोषण तथा प्रविधिको दुरुपयोगबाट हुने हिंसासम्म महिलाहरू विभिन्न स्वरूपका हिंसाको जोखिममा छन् । अझ कतिपय अवस्थामा हिंसापीडित महिलाले सामाजिक प्रतिष्ठा, पारिवारिक दबाब र बदनामीको डरले पीडा लुकाउन बाध्य हुनुपरेको छ । समाजमा शिक्षाको पहुँच बढेको छ, महिलाहरू राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यवसायलगायतका क्षेत्रमा अगाडि बढिरहेका छन् । राज्यले पनि महिलाको हक, अधिकार र सुरक्षाका लागि विभिन्न कानुनी तथा नीतिगत व्यवस्था गरेको छ । तर कानुन निर्माण हुँदैमा हिंसा अन्त्य हुँदैन । कानुनको प्रभावकारी कार्यान्वयन, पीडितलाई न्यायको सुनिश्चितता र दोषीलाई कानुनी दायरामा ल्याउने दृढताबिना महिला हिंसा नियन्त्रण सम्भव छैन । हिंसामुक्त समाज निर्माणका लागि महिलालाई सुरक्षित वातावरणमा बाँच्न पाउने, स्वतन्त्र रूपमा निर्णय गर्न सक्ने र सम्मानपूर्वक जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ । महिला सुरक्षित नभएको समाज समृद्ध र सभ्य हुन सक्दैन । त्यसैले महिला हिंसा अन्त्यका लागि राज्यको प्रतिबद्धता, कानुनको प्रभावकारी कार्यान्वयन र नागरिकको जिम्मेवार व्यवहार एकसाथ अघि बढ्नुपर्छ । दिवस मनाउने मात्र होइन, हिंसाविरुद्ध बोल्ने, रोक्ने र पीडितलाई न्याय दिलाउने संस्कार विकास गर्न सकेमात्र यस दिवसको सार्थकता स्थापित हुनेछ ।

Opinion @ Social Network

हिजो सम्झिँदा पश्चात्ताप होइन,
आज बाँच्न हिम्मत र भोलिलाई सुन्दर बनाउने आशा चाहिन्छ।
(गुन थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Gun.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ : महिला हिंसा अन्त्य दिवस

लैंगिक हिंसा : सभ्य र समृद्ध समाज निर्माणको बाधक



मनोज आचार्य

महिला तथा बालिकामाथि हुने हिंसा आज पनि विश्वका धेरै समाजका लागि गम्भीर चुनौतीका रूपमा रहेको छ । सभ्य, शिक्षित र विकसित समाज निर्माणको चर्चा भइरहँदा महिलाले आफ्नै घर, परिवार, कार्यस्थल र सार्वजनिक स्थानमा असुरक्षित महसुस गर्नुपर्ने अवस्था अन्त्य हुन सकेको छैन । शारीरिक आक्रमणदेखि मानसिक यातना, यौन दुर्व्यवहार, आर्थिक नियन्त्रण र सामाजिक विभेदसम्मका अनेकौं स्वरूपमा महिला हिंसा भइरहेको छ । यस्ता हिंसाले महिलाको व्यक्तिगत जीवनमा मात्र नभई परिवार, समाज र समग्र राष्ट्रको विकासमा समेत नकारात्मक प्रभाव पारिरहेको छ । त्यसैले महिला हिंसाको अन्त्य केवल महिलाको अधिकारको विषय नभई मानव अधिकार, सामाजिक न्याय र समानतासँग जोडिएको साझा जिम्मेवारी हो । हरेक वर्ष नोभेम्बर २५ मा मनाइने अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवसले यही सन्देश प्रवाह गर्दै आएको छ । यस दिवसको अवसरमा महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न व्यक्ति, परिवार, समुदाय र राज्य सबै जिम्मेवार बन्नुपर्ने आवश्यकता पुनः स्मरण गर्नुपर्छ ।

लैङ्गिक हिंसा के हो ?

लैंगिक हिंसा भन्नाले पुरुषद्वारा महिलाविरुद्ध वा महिलाद्वारा पुरुषविरुद्ध गरिने प्रत्यक्ष वा अप्रत्यक्ष त्यस्ता क्रियाकलापलाई बुझिन्छ, जसले पीडितको शारीरिक, मानसिक तथा सामाजिक पक्षमा हानि-नोक्सानी पुऱ्याउँछ । यस्ता हिंसाजन्य क्रियाकलाप मानव अधिकारविरुद्धका कार्य हुनुका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने खालका हुन्छन् । समाजमा प्रचलित मूल्य, मान्यता, धारणा तथा व्यवहारहरू समाजकै संरचना र अभ्यासबाट निर्धारण भएका हुन्छन् । यिनै सामाजिक संरचनाका कारण महिला र पुरुषबीच असमानता तथा विभेद सिर्जना हुने गरेको पाइन्छ । फलस्वरूप पुरुषद्वारा महिला र महिलाद्वारा पुरुष प्रताडित हुने तथा एकले अर्कामाथि हिंसाजन्य व्यवहार गर्ने अवस्था उत्पन्न हुन्छ । यसैलाई लैंगिक हिंसा भनिन्छ । नेपाली समाजको व्यवहारिक अवस्थालाई हेर्दा महिलाद्वारा पुरुषमाथि हुने लैंगिक हिंसाको अवस्था तुलनात्मक रूपमा न्यून देखिन्छ भने त्यसको तुलनामा पुरुषद्वारा महिलामाथि हुने हिंसाका घटना अत्यधिक रहेको पाइन्छ । लैंगिक हिंसा कुनै एक पक्षमा मात्र सीमित नभई शारीरिक, मानसिक, सामाजिक, आर्थिक तथा अन्य विभिन्न स्वरूपमा देखापर्ने गर्दछ । लैंगिक तथा घरेलु हिंसाका प्रकारहरू लैंगिक तथा घरेलु हिंसा विभिन्न स्वरूपमा हुने गर्दछ । **यसको प्रकृति र प्रभावका आधारमा निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।**

(क) शारिरीक यातना तथा हिंसा

दाईजो नल्याएको, छोरा नपाएको वा यस्तै यस्तै कारणहरुको आधारमा महिलालाई पिट्नु अंगभंग एवं अपाङता पार्नु,जलाउनु,बलपूर्वक गर्भपतन गराउनु र शारिरीक यातता दिई मार्ने समेत गर्नु आदि ।

(ख) मानसिक एवं मनोवैज्ञानिक यातना तथा हिंसा

डर,धाक,धम्की,त्रास पूर्ण व्यवहार,गाली गलौज,झुट्ठा आरोप,बेईज्यत,भेदभाव गरी यातना दिनु,होच्याएर असमान्य व्यवहार गर्नु आदि मानसिक एवं मनोवैज्ञानिक यातनाहरु हुन । आँखा तरेर हेर्नु वा मौखिक रुपमा अपशब्द बोल्नु, असुरक्षित महशुस गर्न बाध्य पार्नु साथै छोड पत्र गर्छु भन्नु,खाना दिन्न भनि घरबाट निकाल्छु आदि भन्नु मानसिक एवं. मनोवैज्ञानिक यातना तथा हिंसा गर्नु हो ।

(ग) यौनजन्य यातना तथा हिंसा

इच्छा एवं चाहना विपरित शारिरीक सम्पर्क राख्नु,असुरक्षित यौन सम्पर्क राख्नु,बलजफ्ती गर्भधारण गर्न बाध्य पार्नु,मसामान्य यौंन सम्पर्क गर्नु,बलात्कार,यौनजन्य दुर्व्यवहार,यौन यातना तथा शोषण,हाडनाता करणी,वैवाहिक बलात्कार,मानव बेचविखन तथा ओसार पसार गर्नु आदि यौंन जन्य यातना र हिंसा हुन ।

(घ) नियन्त्रणजन्य यातना तथा हिंसा

हिंडडुल गर्न,मानिस भेट्न,कार्यालयमा काम गर्न,मनोरञ्जन गर्न,धर्म कर्म गर्न,खानपान गर्न साथै श्रोत एवं साधनहरुमा नियन्त्रण,आर्थिक श्रोत र साधनवाट बञ्चित,सम्पत्तिको दुरुपयोग,रोजगार वा आयआर्जन गर्ने कार्यबाट बञ्चित गर्ने आदि नियन्त्रणजन्य यातना तथा हिंसा हुन् ।

(ङ) प्रथा परम्पराजन्य हिंसा

बोक्सीको आरोपमा यातना दिनु,परम्परा देखी चल्दै आएको चलनको नाममा देवकी,वादी,झूमा,छाउपडी,छुवाछुत आदि ।

(च) यौन जन्य दुर्व्यवहार वा हिंसा

कुनै व्यक्तिले कसैलाई उसको ईच्छा विरुद्ध यौनजन्य मनसायले गर्ने व्यवहार यौनजन्य दुर्व्यवहार हो । यौनजन्य दुर्व्यवहार यौन मनसायले विपरित अथवा स्वलिङ्गी माथि गरिने अनिश्चित आचरण यौनजन्य दुर्व्यवहार हो । सामाजिक संरचनाका कारण यस प्रकारका दुर्व्यवहारबाट महिला तथा बालबालिकाहरु बढी पिडित हुन्छन् ।

यौनजन्य दुर्व्यवहारका प्रकारहरु

-शारीरिक: अनावश्यक रुपमा छुनु, थपथपाउनु, छाम्नु, चिमोट्नु, सुमसुमाउनु, चुम्वन गर्नु ।

-मौखिक : अश्लिल वा अपमानजनक टिप्पणीहरु,यौनजन्य चुट्किलाहरु,अप्रिय ठठ्टाहरु ईच्छा विपरितको यौनजन्य प्रस्तावहरु वा दवाव दिनु

-लिखित: अश्लिल वा कामूक तस्विर वा वस्तु वा लिखित सामाग्री प्रर्दशन गर्नु,यौन सम्वन्धी सामाग्रीहरु वितरण गर्नु ,अश्लिल वा कामूक चलचित्र देखाउनु ।

-ईसारा: घुरेर हेर्ने,सुसेली बजाउने,आखा जुधाउने,आखा झिम्क्याउनु,यौन जनित अश्लिल इसारा वा हाउभाउहरु गर्ने , जिब्रो पड्काउने आदि ।

लैंगिक हिंसाले स्वास्थ्यमा पार्ने प्रभावहरु

(क) मृत्यूजन्य प्रभावहरु

शारीरिक,मानसिक एवं सामाजिक पक्षमा लैंगिक हिंसाजन्य क्रियाकलापहरुले गर्दा आत्महत्या एवं मृत्यूसम्म भएको पाईन्छ । जस्तैः एड्सबाट हुने मृत्युहरु,मातृमृत्यू हुनु तथा युवतीहरु एवं महिलाहरुद्वारा हुने आत्महत्या वा हत्या,पुरुषद्वारा गरिने हत्याहरु मृत्यूजन्य असरहरु हुन ।

(ख) शारीरिक स्वास्थ्यमा पार्ने असरहरु

चोटपटक लाग्नु,अंगभंग हुनु,अपाङ्ग हुनु,शारीरिक असक्तता हुने आदि लैंगिक हिंसाका शारीरिक स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव हुन् ।

(ग) मानसिक स्वास्थ्यमा पर्ने असरहरु:

झोत्राएर बस्नु, बौलाउनु,खाना खान समस्या हुनु, डिप्रेसन, चिन्ता हुनु, आत्मवल घट्नु,तर्सिनु,कराउनु,निद्रा नलाग्नु,भ्रमित हुनु आदि मानसिक स्वास्थ्यमा पर्ने नकारात्मक असरहरु हुन् ।

(ङ) नकारात्मक व्यवहार देखिनु र यसको असरहरु

मादक पदार्थ एवं सूर्तिजन्य पदार्थको लत लाग्नु,झगडानु स्वभावको विकास हुनु,काममा लगनशिलता घट्नु आदि नकारात्मक व्यवहारहरु हुन जसले शारीरिक एवं मानसिक स्वास्थ्यमा पनि असर पार्दछ ।

(च) पारिवारिक स्वास्थ्यमा पार्ने असरहरु

बच्चाहरुको स्वास्थ्य विग्रिनु,परिवारको स्वास्थ्य स्थिति विग्रनु,सामाजिक क्रियाकलापहरुमा नकारात्मक प्रभाव पर्नाले प्रत्यक्ष वा अप्रत्यक्ष सो को असर परिवार स्वास्थ्यमा पर्नु आदि लैंगिक हिंसा जन्य क्रियाकलापहरुले गर्दा हुने नकारात्मक प्रभावहरु हुन ।

समाजमा हिंसाका स्वरुप विभिन्न प्रकृतिका देखिन्छन् । हिंसा असमान सामाजिक सम्वन्ध असमान शक्ति सम्वन्ध, असमान आर्थिक सम्वन्ध तथा असमान सामाजिक मूल्य मान्यताको उपज हो । अहिले समाजमा हिंसाबाट बढी जोखिममा प्रभावित भएको समूह वर्ग महिला र बालवालिका हुन । हिंसालाई न्यूनिकरण गर्न राष्ट्रिय अन्तराष्ट्रिय धेरै प्रयासहरु हुँदै आएका छन् । शभ्य र समृद्ध समाजका लागि हिंसा निराकरण आजको आवश्यकता हो । लिंगको आधारमा गरिने हिंसाले कुनै पनि महिला र बालवालिकाको जीवनमा कुनै पनि प्रकारको पिर र दुःख ल्याउने खालका राज्य वा व्यक्तिद्वारा व्यक्तिगत,नितीगत व्यवहारहरुका साथै त्यस्ता व्यवहारहरु जसले सस्थागत रुपले भेदभावलाई वढावा दिनुको साथै समाजमा महिला वा वालिका भएकै कारणले गर्ने विभेदपूर्ण व्यवहारलाई वढावा वा मद्दत पुऱ्याउछ । लिंगको आधारमा गरिने हिंसा मानव अधिकार हननको निकृष्ट व्यवहार हो । यो सबै देश,सबै संस्कृति,वर्ग, समुदाय,आर्थिक स्थिति भएका समूहहरुमा छ । हाल आएर धेरै महिला र वालिकाहरु डर,त्रास हिंसा तथा विभेदपूर्ण स्थितिमा बाच्न बाध्य छन् । त्यसैले महिला माथि हुने हिंसालाई कल्याणकारी सोंचबाट हेरेर अधिकारमूखी सोंचबाट हेर्नुपर्दछ ।

१६ दिने अभियानको प्रचलन सन् १९६० को दशकमा ल्याटिन अमेरिकाको डोमेनिकन गणराज्यमा तत्कालिन निरंकुश तानाशाही त्रिजुलो सरकार विरोधी सभालाई मिरावल परिवारका तीन छोरीहरु पेट्रिया,मिर्जभा र सारियालाई सम्वोधन गर्न बाटोमा जादै गर्दा राज्यद्रोहको आरोप लगाउदै उक्त निरंकुश सरकारले पक्राउ गऱ्यो र त्यसको ११ महिना पछि १९६० नोभेम्वर २५ तारिखमा ति तीन दिदीबहिनीको सामूहिक हत्या गरियो । त्यस हत्या काण्डले त्यहाँको निरंकुशता विरोधी आन्दोलन मत्थर भएन वरु त्यहाँका जनताले शोकलाई शक्तिमा बदल्दै आन्दोलनलाई अझ सशक्त बनाएर तानाशाहीबाट देशमुक्त भई डोमेनिकन स्वतन्त्र गणराज्यको स्थापना भयो । यसै सन्दर्भमा संयूक्त राष्ट्र संघको महासभाले एक प्रस्ताव पारित गर्दै नोभेम्वर २५ लाई महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवसको मान्यता दिएपछि विश्व भरिनै यो दिवस मनाउन थालियो ।

यस १६ दिने अभियानलाई सेतो रिवन अभियान पनि भनिन्छ । पुरुष वर्गबाट महिला एवं बालिकाहरु प्रति हुने हिंसाको विरुद्धमा पुरुष र युवाहरुद्वारा आफ्नो व्यक्तिगत रुपमा वा सस्थागत रुपमा गरिने प्रतिवद्धताको अभियान हो । यसको शुरुवात महिला तथा बालिका विरुद्ध भैइरहेको हिंशाको बारेमा बोल्ने जिम्मेवारी पुरुष वर्गले लिनु पर्दछ भन्ने विचारबाट सन् १९९१ मा क्यानडाका केही पुरुषहरुबाट भएको थियो ।

सेतो रिवन अभियानका उद्देश्यहरु यस प्रकार छन्

१. महिला तथा बालिका विरुद्धको हिंसा कहिल्यै नगर्ने ।

२.महिला तथा बालिका विरुद्धको हिंसाको उपेक्षा कहिल्यै नगर्ने ।

३.महिला तथा बालिका विरुद्धको हिंसामा कहिल्यै चुप लागेर नवस्ने । नोभेम्वर २५ लाई संयुक्त राष्ट्र संघले सन् १९९९मा महिला हिंसा विरुद्धको दिवसलाई आधिकारीक मान्यता प्रदान गरेको छ । (...बाँकी तीन पेजमा)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस वेबदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : कानुनी मामिलाहरूमा सफलता मिल्नेछ । हतारमा निर्णय नलिनुहोला।

वृष : कार्यक्षेत्रमा बाधा आउनेछ । नोकरी सहायता मिल्नेछ।

मिथुन : रोकिएको काम खुल्नेछ। लाभ मिल्ने खर्च घटाउन सकिनेछ।

कर्कट : आर्थिक काममा सावधानी चाहिन्छ। जिम्मेवारी बढ्न सक्छ।

सिंह : परिवारमा निर्णय हुनेछ। खर्च सोचेर गर्नुहोस् र काममा भरोसा बढ्नेछ।

कन्या : व्यापारमा ग्राहक थपिन सक्छन्। कामको कदर र पढाइमा उत्साह बढ्नेछ।

तुला: सानो सुधारले फाइदा दिनेछ। बचत बढाउने काममा नयाँ कुरा सिक्नुहुनेछ।

वृश्चिक : साझेदारीबाट लाभ मिल्न सक्छ। धनको राम्रो खबर आउन सक्छ।

धनु : धैर्यले पुरानो अनुभव काम लाग्नेछ। कार्यक्षेत्रमा मान बढ्नेछ।

मकर : टाढाबाट खबर आउन सक्छ। व्यापारमा सीप सिक्ने अवसर मिल्नेछ।

कुम्भ: जिम्मेवारीप्रति ध्यान बढ्नेछ। काममा आर्थिक लक्ष्यमा प्रगति हुनेछ।

मीन : रोकिएको पैसा आउन सक्छ। पर्दापछाडिको प्रयास सफल हुनेछ।

कला मनोरञ्जन

किन आर्थिक संकटमा परे अभिनेता शरद कपूर ?



सन् १९९० को दशकमा थुप्रै चर्चित फिल्ममा अभिनय गरेका अभिनेता शरद कपूर यतिबेला आफ्नो निजी जीवनको कठिन अवस्थाका कारण चर्चामा छन् ।हालै सामाजिक सञ्जालमा उनको एउटा भिडियो सार्वजनिक भयो । भिडियोमा शरद निकै चिन्तित देखिन्छन् । उनले आफ्ना चार वटा पाल्तु कुकुरलाई केही समयका लागि पशु आश्रयस्थलमा पठाउनुपरेको छ । उनी ती कुकुरलाई आफ्नै सन्तानसरह माया गर्छन् ।यो भिडियो सार्वजनिक भएपछि उनको आर्थिक र मानसिक अवस्थाबारे पछिल्ला केही दिनदेखि चर्चा भइरहेको छ ।कुनै समय 'दस्तक' र 'जोश' जस्ता फिल्मबाट परिचय बनाएका शरदले ४० भन्दा बढी फिल्ममा काम गरिसकेका छन् ।

'स्वाभिमान' का गोभरदेखि बलिउडसम्म

अभिनेता शरद कपूरसँग जोडिएको मेरो पहिलो सम्झना सन् १९९१ मा दूरदर्शनबाट प्रसारित धारावाहिक 'स्वाभिमान' हो । महेश भट्टको निर्देशनमा बनेको उक्त धारावाहिक त्यो समयको चर्चित कार्यक्रम थियो । यसले थुप्रै प्रतिभाशाली कलाकारलाई पर्दामा आउने अवसर दियो । ती कलाकार मध्ये मनोज बाजपेयी, आशुतोष राणा, रोहित रोय, हर्ष छाया र 'ग्रोभर' को भूमिकामा देखिएका युवा शरद कपूर पनि थिए । उनको आत्मविश्वास र दमदार आवाजले दर्शकलाई निकै प्रभावित पारेको थियो ।कोलकाताको एक पञ्जाबी परिवारमा जन्मिएका शरदको हिन्दी फिल्म उद्योगसँग पारिवारिक सम्बन्ध थिएन । तर फिल्मप्रतिको गहिरो रुचिले उनलाई मुम्बई पुऱ्यायो। उनको सुरुवाती यात्रा भने सहज थिएन । उनी केही वर्ष चर्चित निर्देशक शशिलाल नायर र सुनील सिकन्दका सहायक निर्देशक बनेर काम गरे । टेलिभिजनमा साना भूमिका पाए । केही फिल्ममा अभिनय गर्ने अवसर पनि पाए । तर ती फिल्मले खासै चर्चा कमाउन सकेन् ।संघर्षबाट थाकेर एकपटक कोलकाता फर्किएका थिए । तर केही गर्ने अठोटका साथ सन् १९९४ मा फेरि मुम्बई आए । यसपटक भने उनलाई भाग्यले साथ दियो।'स्वाभिमान' मार्फत शरदलाई पर्दामा ल्याएका महेश भट्टले सायद उनमा लुकेको प्रतिभा चिनेका थिए । उनले शरदलाई ठूलो अवसर दिए । त्यो फिल्म थियो 'दस्तक' (१९९६) । फिल्म घोषणा भएदेखि नै चर्चामा थियो । किनभने यसबाट सन् १९९४ की मिस युनिभर्स सुष्मिता सेनले बलिउडमा प्रवेश गर्दै थिइन् ।फिल्ममा सुष्मिताको जोडीका रूपमा कुनै चर्चित अभिनेतालाई नभई मुकुल देवलाई लिइएको थियो । शरद कपूरले भने खतरनाक र सनकी खलनायकको भूमिका पाएका थिए । फिल्ममा सुष्मिताले मिस युनिभर्सकै भूमिका निर्वाह गरेकी थिइन् । शरदको पात्र उनीप्रति अस्वाभाविक रूपमा आकर्षित हुन्छ र उनको पछि लाग्छ ।फिल्म प्रदर्शन हुनुअघि नै यसको संगीत लोकप्रिय भइसकेको थियो । विशेषगरी 'जादू भरी आँखों वाली सुनो' र शरद कपूरमाथि छायांकन गरिएको 'तुम्हें कैसे मैं बताऊं' गीत निकै चर्चित भए ।तर फिल्म प्रदर्शन भएपछि बक्स अफिसमा असफल भयो । धेरै दर्शकले यसलाई यश चोपडाको फिल्म 'डर' को कमजोर नक्कल माने ।'डर' (१९९३) मा शाहरुख खानले निर्वाह गरेको भूमिकासँग शरदको पात्रको तुलना हुन थाल्यो । तर फिल्ममा मुख्य अभिनेताभन्दा शरदको अभिनय बढी प्रभावशाली देखिएको थियो ।फिल्मको समीक्षा गर्दै पत्रकार अनुपमा चोपडाले शरदको अभिनयको प्रशंसा गरेकी थिइन् । उनका अनुसार नकारात्मक भए पनि शरदको पात्र बढी रोचक र चुनौतीपूर्ण थियो । खतरनाक, संवेदनशील, सनकी र आकर्षक चरित्रलाई उनले प्रभावकारी ढंगले प्रस्तुत गरेका थिए ।'दस्तक' बाट सबैभन्दा बढी फाइदा सुष्मिता सेनलाई भयो । उनलाई ठूला ब्यानर र चर्चित कलाकारसँग काम गर्ने अवसर मिल्यो । उनको फिल्मी करियरले गति लियो । मुख्य अभिनेता मुकुल देव र खलनायक शरद कपूरले भने अपेक्षाअनुसार सफलता पाएनन् ।पहिलो फिल्म असफल भएपछि ठूला ब्यानर शरदजस्ता बाहिरबाट आएका कलाकार माथि लगानी गर्न तयार भएनन् । यद्यपि 'दस्तक' ले उनका लागि केही ढोका भने खोलिदिएको थियो ।त्यसपछि उनले थुप्रै फिल्ममा काम गर्ने अवसर पाए । ज्याकी श्राफसँग अभिनय गरेको 'विश्वविधाता' (१९९६) मा एआर रहमानको संगीत चर्चित भयो । तर फिल्म चलेन ।त्यसपछि मुख्य भूमिकामा अभिनय गरेका 'आँखों में तुम हो' (१९९७), 'इसकी टोपी उसके सर' (१९९८) र मधुर भण्डारकरको 'त्रिशक्ति' (१९९९) पनि लगातार असफल भए । त्यसपछि शरदको करियरमा एउटा महत्वपूर्ण फिल्म आयो । त्यो थियो मन्सुर खान निर्देशित 'जोश' (२०००) ।फिल्ममा शाहरुख खान मुख्य भूमिकामा थिए भने उनको विपक्षी पात्रका रूपमा शरद देखिएका थिए ।त्यतिबेला आजजस्तो सामाजिक सञ्जाल र मिमको चलन थिएन । तर पर्दामा शाहरुख र शरदबीचको टकरावले निकै चर्चा पाएको थियो । उनीहरूको अभिनयको प्रतिस्पर्धाबारे सञ्चारमाध्यममा पनि समाचार प्रकाशित भएका थिए । शर दले यस फिल्मबाट ठूलो अपेक्षा राखेका थिए । शाहरुखसँगका उनका दृश्य पनि प्रभावशाली थिए । तर यसपटक पनि उनको भाग्यले साथ दिएन ।'जोश' प्रदर्शन हुने समयसम्म बलिउडमा शाहरुख र शरदको प्रतिस्पर्धाभन्दा शाहरुख र ऋतिक रोशनको चर्चा बढी हुन थालिसकेको थियो ।सन् २००० को सुरुवातमा प्रदर्शन भएको 'कहो ना प्यार है' ले सफलताको नयाँ कीर्तिमान बनाएको थियो । ऋतिक रोशनको चर्चा चारैतिर फैलिएको थियो । त्यसअघि शाहरुखको 'फिर भी दिल है हिन्दुस्तानी' बक्स अफिसमा असफल भएको थियो ।ऋतिकको उदयसँगै शाहरुखको स्टार डमलाई चुनौती दिने नयाँ अभिनेताका रूपमा उनलाई हेरिन थालिएको थियो । यही कारण 'जोश' प्रति पनि दर्शकको चासो बढेको थियो ।'जोश' ले बक्स अफिसमा राम्रो कमाइ गऱ्यो । तर 'कहो ना प्यार है' को ऐतिहासिक सफलताका अगाडि यसको चर्चा केही ओझेलमा पऱ्यो ।शाहरुख खानले उत्कृष्ट अभिनेताको र शरद कपूरले उत्कृष्ट खलनायकको विधामा फिल्मी पुरस्कारका लागि मनोनयन पाए । तर त्यो वर्षको चर्चा र सफलता भने ऋतिक रोशन र 'कहो ना प्यार है' कै नाममा रह्यो ।

त्यसपछि शरदले ठूलो र मुख्य भूमिका पाउन सकेनन् ।'दस्तक' र 'जोश' मा दमदार उपस्थिति जनाएका शरद क्रमशः 'क्योंकि मैं झूठ नहीं बोलता', 'हथियार', 'जानी दुश्मन', 'एलओसी कारगिल', 'लक्ष्य' र 'वान्टेड' जस्ता फिल्ममा साना तथा नकारात्मक भूमिकामा सीमित हुँदै गए ।बिस्तारै उनी पर्दाबाट टाढिँदै गए । दर्शकले पनि उनलाई बिर्सन थाले । सन् २०१४ मा सलमान खानको फिल्म 'जय हो' मा 'दस्तक' का पुराना सहकर्मी मुकुल देव र शरद कपूर फेरि सँगै देखिए । तर दुवैलाई खासै महत्व नभएका भूमिकामा देख्दा उनका प्रशंसक निराश भए ।

विवाद र यौन दुर्व्यवहारको आरोप

सन् २०२४ को नोभेम्बरमा ३२ वर्षीया एक महिलाले शरद कपूरमाथि दुर्व्यवहार र यौन उत्पीडनको आरोप लगाउँदै मुम्बईको खार प्रहरी चौकीमा उजुरी दिएकी थिइन् ।त्यतिबेला शरदले यस विषयमा कुनै प्रतिक्रिया दिएका थिएनन् ।यो मुद्दा अझै चलिरहेको छ । हालै शरदले भनेका छन्, 'जब कुनै कार णबिना तपाईंलाई दोषी ठहऱ्याइन्छ, त्यसले स्वाभाविक रूपमा पीडा दिन्छ ।'समाचार एजेन्सी पीटीआईका अनुसार ती महिलालाई आफ्नै घरमा बोलाएर यौन दुर्व्यवहार गरेको आरोपमा शरदमाथि मुद्दा दर्ता भएको थियो ।शरदले उक्त घटनापछि आफू डिप्रेसनमा गएको दाबी पनि गरेका छन् ।

आर्थिक अवस्था किन बिग्रियो ?

'मुम्बई मिरर' को एउटा रिपोर्टअनुसार शरद कपूरको आर्थिक अवस्था अहिले राम्रो छैन ।रिपोर्टमा उल्लेख भएअनुसार उनले सन् २०१९ मा खारस्थित आफ्नो ल्याट बेचेका थिए । त्यसपछि लखनउमा जग्गाको कारोबारमा करोडौँ रुपैयाँ लगानी गरे । तर उनी ठगीमा परे ।आर्थिक समस्याका कारण उनले आफ्ना कारसमेत बेचेको चर्चा छ । 'टाइम्स अफ इन्डिया' लाई दिएको अन्तर्वार्तामा शरदले कार बेच्नुको कारण फरक बताएका छन् । उनले भनेका छन्, 'मैले कारहरू बेचें, किनभने अब मलाई तिनको आवश्यकता थिएन ।'सोही अन्तर्वार्तामा उनले आफ्नो आर्थिक अवस्था ठीक रहेको तर कामको आवश्यकता भएको बताएका छन् । 'म आर्थिक रूपमा ठीक छु । तर मलाई काम चाहिएको छ,' उनले भनेका छन् ।

निजी जीवन कस्तो छ ?

शरदको निजी जीवनबारे पनि अहिले चासो बढेको छ ।कोलकाताको पञ्जाबी परिवारमा जन्मिएका शरदको सम्बन्ध पश्चिम बंगालका पूर्वमुख्यमन्त्री ज्योति बसुकी नातिनी कोयल बसुसँग रहेको थियो ।सन् २००६ डिसेम्बर ४ मा 'मुम्बई मिरर' लाई दिएको अन्तर्वार्तामा शरदले कोयलसँग इन्गेजमेन्ट भएको पुष्टि गरेका थिए ।उनले भनेका थिए, 'हिजो साँझ कोयलसँग मेरो इन्गेजमेन्ट भएको हो । यो प्रेम र परिवारको सहमतिमा तय भएको सम्बन्ध हो ।...

नेपाली फिल्ममा जुत्तै-जुत्ता



नेपाली समाजमा एउटा भनाइ छ, 'जुत्ता हेरेर मान्छेको औकात थाहा हुन्छ ।' यसको सोझो अर्थ, पैतालाले टेक्ने जुत्ताले मान्छेको उचाइ नाप्ने गरिन्छ ।खासमा 'जुत्ता' एक बिम्ब हो । त्यसैले त यसको बारेमा कविता लेखिए, कथा रचिए । उखान-टुक्का बनाइए । हुँदाहुँदा नेपाली फिल्मले डायलग पनि हिट बनाइदिए, 'मन परेको जुत्ता पो जुत्ता । नभए त खाली खुट्टै ठीक ।'जुत्तामा मान्छेहरू किन यति मरिहते गर्छन् ? यसको उत्तर नवीन सुब्बादेखि दीपेन्द्र के. खनालसम्मले दिनुपर्ने हुन्छ । किनभने यिनीहरूले जुत्तालाई काखी नै च्यापेर बसेका छन् । निकेश खड्कालाई त जुत्ताले उहिल्यै नै तर्साइसकेको छ ।

यति भूमिका बाँधेपछि थाहा पाउनु नै भयो होला, यो प्रसंग नेपाली फिल्मको टाइटलबारे हो । हालै मात्र नवीन सुब्बा 'लाहुरेको जुत्ता' बनाउन फिल्डमा पुगिसकेका छन् । भनिन्छ, उनको फिल्म धमाधम छायांकन हुँदैछ ।'नुमाफुङ' फेम्ड निर्देशकले बीचमा लामो समय विश्राम लिए । 'गुडबाई काठमाडौं' बनाएपछिको समय उनी दोस्रो फिल्म निर्देशन गर्ने हतारोमा देखिएनन् । तर, पछिल्लो समय भने उनको सक्रियता बढेको छ । 'गाउँ आएको बाटो'को धुलो उडन छाडेको छैन, उनी दोस्रो फिल्म लिएर छायांकनस्थलमै पुगिसकेका छन् । फिल्मको नामले धेरै कुरा खुल्छ, 'लाहुरेको जुत्ता' ।जुत्तामा मोहित हुने अर्का फिल्ममेकर हुन्, दीपेन्द्र के. खनाल । त्यही भएर त उनले 'हरिबहादुरको जुत्ता' बनाए । हरिवंश आचार्यको मुख्य भूमिका रहेको फिल्मको सिक्वेल बन्ने गाइँगुई चलेको थियो । तर, अहिले त्यो हल्ला मत्थर भइसकेको छ । बरु उक्त फिल्मको निर्माण टिम अर्को स्किप्टलाई अन्तिम रूप दिने तयारीमा रहेको बुझिन्छ ।यी दुई जुत्ता आउनुअघि निकेश खड्काले एउटा जुत्ता थोत्रो बनाइसकेका थिए । उनको जुत्ता थियो, 'फाटेको जुत्ता' । फिल्मले प्रचारको फन्डा गजब अपनाएको थियो । कतिपय दर्शकले आफ्नो फाटेको जुत्ता लिएर आएपछि फिल्म निर्माण टिमले उनीहरूलाई नयाँ जुत्ता दिएर पठाउँथ्यो । तर, फिल्म प्रदर्शनपछि नयाँ जुत्ता व्यर्थै दिइएछ भनेजस्तै भएको थियो ।जे होस्, जुत्ताको कथा नेपाली फिल्मले भनिरहने नै छ । किनभने अहिले दृश्यमा केही जुत्ताहरूको चर्चा हुन थालेको छ । सेतो जुत्ता, सायद तपाईंले थाहा पाइसक्नुभयो । *-बनलाइन खबर डटकम*

...कोयलसँग मेरो भेट छ महिनाअघि कोलकाताको ओबेरोय होटलमा भएको थियो । उनी त्यहाँ काम गर्थिन् । त्यसपछि छिट्टै हाम्रा परिवारबीच कुराकानी भयो ।' शरदले सधैँ आफ्नो निजी जीवनलाई सञ्चारमाध्यमको पहुँचबाट टाढा राख्न खोजेका छन् । त्यसैले कोयलसँगको सम्बन्ध र पारिवारिक जीवनबारे धेरै जानकारी सार्वजनिक छैन ।अहिले शरदको अवस्था र उनका कुकुरलाई हेरचाहका लागि पशु आश्रयस्थलमा पुऱ्याउने विषय सार्वजनिक गर्ने उनकी साथी हेमा चौधरीले एउटा पोडकास्टमा कोयल र शरदको इन्गेजमेन्ट मात्रै भएको बताएकी छिन् । उनीहरूबीच विवाह भने नभएको उनको भनाइ छ ।शरदको वर्तमान अवस्था र सम्बन्धबारे कोयल बसुले अहिलेसम्म कुनै प्रतिक्रिया दिएकी छैनन् ।यता 'टाइम्स अफ इन्डिया' सँगको कुराकानीमा शरदले आफ्नी ३३ वर्षीया प्रेमिकासँग गतमहिना सन्तान जन्मिएको जानकारी दिएका छिन् ।उनले भनेका छन्, 'हामी चार वर्षअघि भेटेका थियौँ । उनी पछिल्लो दुई वर्षदेखि मसँगै बसिरहेकी छिन् । उनले मलाई निकै साथ दिएकी छिन् । हाम्रो सम्बन्ध निकै सुखद र समझदारीपूर्ण छ । प्रेम मेरा लागि महत्वपूर्ण छ । यसले मेरो जीवनमा विशेष चमक ल्याउँछ ।'

कस-कसले सहयोगको प्रस्ताव गरे ?

शरदले सहयोगको अपिल गरेपछि फिल्म क्षेत्रका कलाकारहरू उनको साथमा उभिन थालेका छन् । 'वान्टेड' र 'जय हो' मा उनीसँगै काम गरेका सलमान खानले आर्थिक सहयोग गर्ने प्रस्ताव गरेका छन् ।सोनु सूदले उनको उपचारसम्बन्धी सम्पूर्ण सहयोगको जिम्मेवारी लिने बताएका छन् । उनले शरदसँग व्यक्तिगत रूपमा सम्पर्कसमेत गरेका छन् ।निर्देशक रोहित शेट्टी र अहमद खानले पनि फोन गरेर उनको अवस्थाबारे जानकारी लिएका छन् ।शरदका अनुसार शाहरुख खानले पनि आफूलाई आवश्यक परेको सबै प्रकारको सहयोग गर्ने आश्वासन दिएका छन् । *-बीबीसी*

...१६ दिने अभियान चित्र विभिन्न दिवसहरु परेका छन् ।

नोभेम्बर २५ महिला हिंसा विरुद्धको दिवस, नोभेम्बर २९ महिला मानव अधिकार रक्षा दिवस,डिसेम्बर १ विश्व एड्स दिवस,डिसेम्बर ३ विश्व अपाङ दिवस,डिसेम्बर ५ अन्तराष्ट्रिय स्वयंसेवक दिवस,डिसेम्बर १० अन्तराष्ट्रिय मानव अधिकार दिवस

सैद्धान्तिक आधार

हिंसा : देशहरुबिच भएको भए युद्ध भन्न सकिन्थ्यो ।

हिंसा: रोग भएको भए यसलाई संक्रामक रोग भन्न सकिन्थ्यो ।

हिंसा: इन्धनको चुवाहट भएको भए यसलाई विपत्ति भन्न सकिन्थ्यो ।

हिंसा: तर यो सधै महिला तथा बालिकाहरु माथि भै रहेको छ । यौन दुर्व्यवहार,बलात्कार,कुटपिट,हत्या,आगो लगाउनु,दैनिक घर व्यवहारमा भेदभाव गर्नु,संस्कार र परम्पराको नाममा अधिकारबाट वञ्चित गर्नु ,गराउनु आदि महिला तथा बालिका विरुद्धका हिंसा हुन । यस शारिरिक हिंसामात्र हैनन् मानसिक हिंसा पनि त्यत्तिनै दु:खदायि हुन्छन तर सबै पुरुष हिंसक हुन्छन भन्न मिल्दैन । हाम्रो पुरुष प्रदान सामाजिक मूल्य र मान्यताको मानशिकताले गर्दा अधिकांश पुरुषहरुले महिला तथा बालिका माथि हिंसा गर्ने गरेको पाईन्छ । महिला तथा बालिका विरुद्धका हिंसा चाहे धनि, गरिब,शहरी,गाउँका,तथा शिक्षित वा अशिक्षित सबै वर्ग र जातजातिका पुरुषहरुबाट भैरहेका छन् । साथै समाजमा केही पुरुष र युवा वर्गले महिला तथा बालिका विरुद्ध भयावह र अविश्वासको वातावरण सिर्जजना गरिरहेका छन् । यसबाट हाम्रा समाजका अधिकांश दिदीबहिनी,आमा छोरी,श्रीमती र केटी साथीहरुले आफू असुरक्षित भएको महशुस गरिरहेका छन् । प्राय:जसो सबै महिलाहरु समाजमा विद्यमान पुरुष प्रदान कुसस्कारको घेराभित्र वस्न बाध्य छन् । यस किसिमका हिंसा महिलामा मात्र सिमित नभएर कमजोर पुरुषहरुमा समेत भै रहेको हुन्छ । सेतो रिवन अभियानले महिला तथा बालिका विरुद्ध हिंसाका महत्वपूर्ण पक्ष पूरुष हो भने यसको समाधानको हिस्सा पनि पुरुषनै हो भन्ने कुरामा विश्वास राख्दछ । यसैले यो समस्या समाधानका लागि पुरुषहरुनै महिला वर्गको पूर्ण सम्मानका लागि प्रतिवद्ध हुनु पर्दछ । महिला तथा बालिका हिंसा निराकरणका लागि सबै पक्ष,निकाय,तह र तप्काबाट संवेदनशिल भई सामूहिक प्रयास थाल्नु अहिलेको आवश्यकता हो । हामी आह्वान गर्न चाहन्छौं,हिंसालाई निराकरण गर्ने अभियानमा हामी सबै एक साथ जुटौं । हिंसा मुक्त समाज हामी सबैको चाहना ।

(लेखक आचार्यसँग लामो समय बालमैत्री कार्यक्रमको फोकल पर्सन भएर काम गरेको अनुभव छ । हाल उनी जिल्ला समन्वय समिति पाल्पामा कार्यरत छन् ।)

आज अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस मनाइँदै



पाल्पा, मंसिर ८/ हरेक वर्ष नोभेम्बर २५ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस आज नेपालसहित विश्वभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदैछ । महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा, विभेद र शोषण अन्त्य गर्दै उनीहरूको सम्मान, सुरक्षा, समानता र अधिकार सुनिश्चित गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । यस वर्ष दिवसको राष्ट्रिय नारा 'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता : पीडितको संरक्षण दण्डहिनताको अन्त्य र न्यायको सुनिश्चितता' रहेको छ । नेपालमा २०५४ सालदेखि लैङ्गिक हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन सुरु गरिएको हो । यस दिवसलाई नेपालमा पनि सोह्रदिने अभियानको रूपमा २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म मनाउने गरिएको छ । शारीरिक, मानसिक, आर्थिक, राजनीतिकलगायत अन्य महिला हिंसाका अनेकन रूप छन् ।

प्रत्येक वर्ष महिला हिंसाविरुद्धको दिवसलाई महिला अधिकारकर्मीले भव्यरूपमा मनाए पनि र सरकारले विभिन्न प्रतिबद्धता जाहेर गरे पनि महिला हिंसाको अवस्था भने ज्यूँका त्यूँ छन् । अझै पनि महिलाहरु आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपले विभेदीकरणमा परेका छन् भने शारीरिक र यौनिक हिंसाका शिकार भैरहेका छन् । मानव सभ्यातालाई ढुंगे युगदेखि आजको २१ औं शताब्दीको आधुनिक युगसम्म आइपुग्दा पनि जसरी समाज विकासक्रम अगाडि बढेको छ त्यही क्रममा आधाभन्दा बढी जनसंख्याको प्रतिनिधित्व गर्ने महिला माथि लैङ्गिक विभेद एवं हिंसाको घटनामा न्यूनीकरण आउन सकेको छैन । पितृसत्तात्मक संरचनामा जकडिएको नेपाली समाजमा महिला र पुरुष एउटै रथमा दुई पाङ्ग्रा एवं समानताको कुरा जतिसुकै गरिए पनि व्यवहारमा हिंसाको दुष्चक्रमा महिलाहरु भासिँदै जाने असहज परिस्थिति बन्दै गएको छ । महिलाहरु शारीरिक, मानसिक तथा मनोवैज्ञानिक रूपमा कमजोर हुन्छन् भन्ने सोचबाट विकसित समाज अझै आफैंमा भेदभावयुक्त छ ।कानुनी व्यवस्था र अधिकारका विषयमा चेतना बढ्दै गए पनि व्यवहारमा महिला हिंसा पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर प्रत्येक तीनमध्ये एक महिला आफ्नो जीवनकालमा शारीरिक वा यौनजन्य हिंसाबाट प्रभावित हुने गरेका छन् । सन् २०२४ मा मात्रै विश्वभर करिब ५० हजार महिला तथा बालिका आफ्नै परिवारका सदस्य वा अन्तरङ्ग साथीबाट मारिएका संयुक्त राष्ट्रसंघको तथ्याङ्क छ । सन् १९६० नोभेम्बर २५ मा डोमिनिकन गणतन्त्रका मिराबल दिदीबहिनीको राजनीतिक कारणले हत्या गरिएको घटनाको सम्झनामा यो दिवस मनाउन थालिएको हो ।

खेलकुद समाचार

महिला क्रिकेटमा आर्मीको विजयी सुरुआत



सुर्खेत, मंसिर ८/ दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटको उद्घाटन खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब विजयी भएको छ । वीरेन्द्रनगरस्थित क्रिकेट मैदानमा मंगलबार भएको खेलमा आर्मीले कोशी प्रदेशलाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुआत गरेको हो ।

टस जितेर पहिले फिल्डिङ रोजेको आर्मीले कोशी प्रदेशलाई ६५ रनमै समेटेको थियो । कोशीले निर्धारित इनिङ्स पूरा गर्नुअघि नै सबै विकेट गुमाएको थियो ।कोशीका लागि कप्तान रुविना क्षेत्रीले सर्वाधिक ३६ रन बनाइन् । ३६ बलको सामना गरेकी उनले एक छक्का र पाँच चौका प्रहार गरिन् । रुविना महलाले पाँच तथा सिर्जनाकुमारी राजवंशीले चार रन बनाउनु बाहेक अन्य ब्याटरले उल्लेख्य योगदान दिन सकेनन् ।कोशीलाई सस्तैमा समेट्ने क्रममा आर्मीकी यमुना थारुले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिइन् । चार ओभर बलिङ गरेकी उनले दुई ओभर मेडन राख्दै ६ रन मात्र खर्चिइन् । मनीषा उपाध्यायले दुई तथा कविता कुँवर, ईश्वरी विष्ट, लक्ष्मी साउँद र संगीता गुरुङले एक-एक विकेट लिए ।६६ रनको सामान्य लक्ष्य पछ्याएको आर्मीले १३.१ ओभरमा चार विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो ।

अर्थ/कर्पोरेट समाचार

नेप्से १५ अंकको वृद्धि



पाल्पा, मंसिर ८/ मंगलबार सेयर बजारमा दोहोरो अंकको वृद्धि देखिएको छ । नेप्से परिसूचक १५ दशमलव ३९ अंकले बढेर २ हजार ६ सय ३८ दशमलव ९५ विन्दुमा पुगेको हो ।

यसअघि सोमबार नेप्से परिसूचक २ दशमलव २६ अंकले बढेर २ हजार ६ सय २३ दशमलव ५६ विन्दुमा पुगेको थियो । सो दिन ३ अर्ब ८२ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । नेप्से बढेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा वृद्धि भएको हो । यसदिन ३५० वटा स्क्रिप्सको १ करोड ४६ लाख ७० हजार १७७ कित्ता सेयर ५ अर्ब ५५ करोड ३० लाख १९ हजार २४९ रुपैयाँमा खरिदबिक्री भए।कारोबारमा आएकामध्ये १६५ वटा स्टक्सको मूल्य बढ्दा १११ वटाको घट्यो । बाँकी ३ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । सेयर बजारमा दोहोरो अंकको सुधार देखिए पनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । एभरेष्ट कलरको सेयर सर्वाधिक ५.०५ प्रतिशतले बढ्यो।मानुषी लघुवित्त वित्तिय संस्थाका लगानीकर्ता ले सर्वाधिक गुमाए । सो संस्थाको सेयर ८ प्रतिशतले घट्यो। दुई समूहको उपसूचकबाहेक बाँकी सबै समूहको उपसूचक सकारात्मक देखिए ।

कर्मचारी आवश्यकता

प्रकाशित मिति: २०८३/०८/०५

मोहन कन्या माध्यमिक विद्यालय तानसेन-४, पाल्पाको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०८/०२ गतेको बैठक, तानसेन नगरपालिकाको च.नं. ५४४ मिति २०८३/०८/०७ को जानकारी पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

विज्ञापन नं. ०१/०८३-०८४

पद : कार्यालय सहयोगी

१. आवश्यक संख्या: एक जना

२. नियुक्तिको किसिम : करार

३. शैक्षिक योग्यता : साधारण लेखपढ गर्न जानेको ।

४. निवेदन दस्तुर : रु.५०० मात्र ।

५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

६. दरखास्त दिने मिति: २०८३/०८/०५ गते देखि २०८३/०८/२३ गते दिउँसो ४:०० बजे सम्म ।

७. सम्पर्क मिति: २०८३/०८/२४ गते दिउसो ४:०० बजे

८. छनौटको किसिम: अन्तर्वार्ता

९. अन्तर्वार्ता मिति : सम्पर्क मितिमा तोकिने छ ।

१०. तलब स्केल: सरकारी नियम अनुसार ।

११. आवश्यक कागजपत्र : शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्र ।

सम्पर्क नम्बर: (९८४७०४३५३६, ९८५७०७३७५२, ९८४३५९८११६)

मोहन कन्या माध्यमिक विद्यालय
तानसेन-४, पाल्पा

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मूल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.ज.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ५४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. ५८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई